# प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९

पहिलो प्रकाशन २०५९ वैशाख ३०
पहिलो संशोधन २०६१ असोज २८

प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नम "प्रधानमन्त्री सहायता कोष (पहिलो संशोधन) नियमावली, २०६१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको प्रधानमन्त्री सहायता कोष सम्झनु पर्छ ।

३. **कोषको स्थापना** : (१) प्रधानमन्त्री सहायता कोष नामको एक कोषको स्थापना गरिएको छ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषलाई आवर्ति कोष (रिभल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

४. **कोषको प्रयोग** : (१) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ :-

(क) गम्भीर बिरामी भई औषधोपचार गराउन नसक्ने अवस्थाका राष्ट्रिय जीवनका ख्याति प्राप्त व्यक्तिको औषधोपचारमा सहयोग गर्ने,

(ख) आर्थिक अवस्था दयनीय भएका व्यक्ति बिरामी परी औषधोपचारका लागि अस्पताल ल्याउँदा र अस्पतालबाट लैजाँदा सहयोग गर्ने,

(ग) दैवी प्रकोप वा दुर्घटनामा पर्नेहरुलाई उद्धार गर्न, सद्गत वा काजक्रिया खर्च बापत मृतकका आफन्तलाई सहयोग गर्ने,

(घ) आर्थिक तथा सामाजिक उत्थान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संघ संस्थाहरुलाई कुनै विशेष कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने,,

(ङ) दैवी प्रकोपको कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने,

(च) कमजोर आर्थिक अवस्था भएकालाई सहयोग गर्ने ।

(२) उपनियम (१) बमोजिम कोषबाट खर्च गरिने सहयोग रकम प्रधानमन्त्रीले तोके बमोजिम हुनेछ ।

५. **कोषको रकम उपलब्ध गराउने** : नियम ४ बमोजिमको आर्थिक सहयोगको रकम प्रधानमन्त्रीले तोकेबमोजिम उपलब्ध गराइनेछ ।

६. **कोष व्यवस्था र सञ्चालन** : (१) यस नियमावली बमोजिम कोषको नाममा प्राप्त हुन आउने रकम जम्मा गर्न नेपाल राष्ट्र बैंकमा एउटा खाता खोलिनेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन शाखा प्रमुख र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

७. **खारेजी** :

८. **लेखा तथा लेखापरीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१०. **खारेज** :